**प्रस्तावहरु:**

२०७९।०८०-०५।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा।

२०७९।०८०-०५।०२ आव २०७९।०८० को प्रथम चौमासिक समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०५।०३ कार्यविधिहरु स्विकृत गर्ने सम्बन्धमा:

रूपा गाउँपालिका कास्कीको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९

रूपा गाउँपालिका कास्कीको पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

रूपा गाउँपालिका कास्कीको हेभि इक्विपमेन्ट सञ्चालन कार्यविधि, २०७९

२०७९।०८०-०५।०४ रूपा गाउँपालिकाको कास्कीमा कार्यरत कर्मचारीहरुको तह मिलान/तह वृद्धि सम्बन्धमा ।

२०७८।०७९-०५।०५ रूपा गाउँपालिका कास्कीको जग्गा बर्गिकरण गर्ने सम्बन्धमा ।

२०७८।०७९-०५।०६ सार्वजनिक सुनुवाइ गर्ने सम्बन्धमा ।

२०७८।०७९-०५।०७ निर्वाचन शिक्षा कार्यक्रम कार्यकर्ताको पारिश्रमिक भुक्तान गर्ने सम्बन्धमा।

२०७८।०७९-०५।०८ रूपा गाउँपालिका वडा नं ३ को कार्यालयमा शौचालय निर्माणको लागी बजेट व्यबस्था सम्बन्धमा ।

२०७८।०७९-०५।०९ विविध सम्बन्धमा:

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०१**

प्रस्ताव नं २०७९।०८०-०५।०१ माथी छलफल गर्दा १२४ औ गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०२**

प्रस्ताव नं २०७९।०८०-०५।०२ माथी छलफल गर्दा गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखबाट पेश भएको आय व्ययको खर्च अनुमोदन गरी आर्थिक बर्ष २०७९।०८० को पहिलो चौमासिकको प्रगती समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०३**

प्रस्ताव नं २०७९।०८०-०५।०३ माथी छलफल गर्दा निम्न कार्यविधिहरु स्विकृत गर्ने: निम्न:

क) रूपा गाउँपालिका कास्कीको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७९

ख) रूपा गाउँपालिका कास्कीको पढ्दै कमाउदै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

ग) रूपा गाउँपालिका कास्कीको हेभी इक्विपमेन्ट सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०४**

प्रस्ताव नं २०७९।०८०-०५।०४ माथी छलफल गर्दा निम्नानुसार निर्णय गर्ने:

निम्नः

(क) लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंको सूचना नं ४६५/०७६-७७, मिति २०७६/१०/१७ को सूचना तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको पत्र संख्या स्था.त.क.प्र./सिफारिस/०७६/७७, चलानी नं १८७/०७६/७७, मिति २०७६/१०/२० को सिफारिस पत्रानुसार प्रशासन सेवा, सामान्य प्रशासन समुह, छैठौं तह, अधिकृत पदमा श्री लोकनाथ पौडेल (क.स.नं. २३८९५७) पालुङ्टार नगरपालिका गोरखामा मिति २०७६/१०/२१ मा स्थायी नियुक्ती भइ कार्यरत रहेको देखिन्छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंको चलानी नं १००६, मिति २०७७/०८/३० को पत्रानुसार कामकाजमा खटिइ मिति २०७७/०९/२८ देखि उल्लिखित पदमा रुपा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय कास्कीमा कार्यरत रहेकोमा गण्डकी प्रदेश सरकारको स्थानीय सेवा गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा ९(१) मा भएको व्यवस्था बमोजिम निजको योग्यता पुगेको तथा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखराको चलानी नं ४७५, मिति २०७९/०६/२५ को परिपत्र अनुसार तलबभत्ता पाउने गरी कामकाजमै खटिएको स्थानीय तहबाट तहवृद्धि गर्न मिल्ने व्यवस्था भए बमोजिम **निजलाई मिति २०७९/०६/०७ देखि लागुहुनेगरी तपसिल बमोजिम दरबन्दि मिलान सहित माथिल्लो (सातौं तह) तह कायम गर्ने** निर्णय गरियो ।

**तपसिलः**

| |
|---|
| **<u>दरबन्दि मिलान सहित माथिल्लो (सातौं तह) तह कायम गरिएको बिवरण</u>** |
| सेवाः नेपाल प्रशासन, समुहः सामान्य प्रशासन, पदः अधिकृत, तहः सातौं |

(ख) रुपा गाउँ कार्यापालिकाको कार्यालय, कास्कीमा विविध सेवा, पाँचौ तह, कम्प्युटर अपरेटर पदमा कार्यरत श्री राजेन्द्र सुवेदी जिल्ला विकास समितिको कार्यालय, मनाङको चलानी नं ३६७, मिति २०६२/०८/०६ को पत्रानुसार स्थायी नियुक्ती भइ संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको चलानी नं २१५२, मिति २०७४/०३/२५ गतेको कामकाज गर्न निर्देशन दिएको पत्रानुसार काजमा खटिई यस कार्यालयमा मिति २०७४/०४/१५ मा हाजिरी भइ कार्यरत रहेको देखिन्छ ।साथै यस कार्यालयको चलानी नं ३१३(क) मिति २०७५/०९/०८ को निर्णयानुसार प्रशासन सेवा, विविध समुह, पाँचौ तह, कम्प्युटर अपरेटर पदमा समायोजन तथा पदस्थापन भइ यसै कार्यालयमा कार्यरत रहेको देखिन्छ।

गण्डकी प्रदेश सरकारको स्थानीय सेवा गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०७९ को दफा २८ को उपदफा १ बमोजिम निजको न्युनतम अवधि पुगेको तथा निजले विगत पाँच आर्थिक बर्षहरुको कार्य सम्पादन मुल्याङ्कन समेत पेश गरेकाले निजलाई मिति २०७९/०६/०७ गतेदेखि लागु हुनेगरी तपसिल बमोजिम **तह वृद्धि** गर्ने निर्णय गरियो ।

| |
|---|
| **<u>तहवृद्धि गरिएको बिवरण</u>** |
| सेवाः स्थानीय प्रशासन सेवा, समुहः सामान्य प्रशासन, पदः अधिकृतस्तर छैठौं तहः छैठौं |

## <u>कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०५</u>

प्रस्ताव नं २०७९।०८०-०५।०५ माथी छलफल गर्दा रूपा गाउँपालिकाको जग्गा वर्गिकरणको लागी वडाअध्यक्ष श्री दिपेन्द्र गौतमको संयोजकत्वमा वडाअध्यक्ष श्री राजन खनाल, श्री कृष्णराज सुवेदी, कार्यपालिका सदस्य सरिता सुनार र सदस्य-सचिव अमिन श्री चिरन्जिवि ढुङ्गाना रहने गरी समिति मार्फत आवश्यक काम कारबाही अगाढी बढाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०६**

प्रस्ताव नं २०७९।०८०-०५।०६ माथी छलफल गर्दा गाउँपालिकाको गतिविधिहरुको बिषयमा २०७९ पुस १० गते आईतबार दिनको ११ बजेदेखी रूपा गाउँपालिका कास्कीको खेलमैदानमा सार्वजनिक सुनुवाइ गर्ने ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०७**

प्रस्ताव नं २०७९।०८०-०५।०७ माथी छलफल गर्दा निर्वाचन आयोगको निर्णयअनुसार प्रत्येक वडामा १/१ जनाका दरले नियुक्त गरिएका मतदान शिक्षा सहजकर्ता हरुको पारिश्रमिक वापत रू १० हजारका दरले भुक्तानी गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०८**

प्रस्ताव नं २०७९।०८०-०५।०८ माथी छलफल गर्दा वडा नं ३ को शौचालय भवन निर्माणको लागी रु ३ लाख बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०५।०९**

प्रस्ताव नं २०७९।०८०-०५।०९ माथी छलफल गर्दा निम्नानुसार निर्णय गर्ने:

निम्नः

क) विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने।

ख) रूपाकोट अस्पतालमा एक जना मेडिकल अधिकृत सेवा करारमा नियुक्त गर्ने ।

ग) PMEP को बजेटबाट चालू आवमा कार्यान्वयन हुने गरी आपूखोला देउराली फेदी रूपा ५ मा रु ३ लाख, घिमिरेधर आपूखोला सडक रुपा ६ मा रु १ लाख, सहेला पुल मर्मत रुपा ५ मा रु २ लाख बजेट ब्यवस्था गर्ने ।

घ) रामकोट रामदी मोटरमार्ग रूपा ५ को खण्डमा ग्राभेलको लागी वृद्धिखोलाबाट तोकिएबमोजिमको राजश्व वुझाइ नदिजन्य पदार्थ प्रयोगको लागि अनुमति प्रदान गर्ने।

मिति २०७९ मंसिर २१ गते बसेको १२५ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(सन्तोष ढुङ्गाना)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रुपा गाउँपालिका कास्की